नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार विभाग

फोन नं. ४-७८२६७१, ४-७८२६१६, ४-७८२६५८, ४-७८२७१०, ४-७८२४५४, ४-७८२६२१, ४-७८२६४८
फ्याक्स: ०१-४७८२६८६
पोष्ट बक्स नं. ६५१५
महाराजगंज, काठमाडौं

पत्र संख्या:-
चलानी :-

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार विभाग काठमाण्डौं २०६५

मिति:...............................

## प्रेस विज्ञप्ति

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगार व्यवसाय संचालन गर्न वैदेशिक रोजगार विभागबाट इजाजतपत्र लिएका संस्थाले प्रचलित कानुनको अक्षरशः पालना गरी आफ्ना गतिविधिहरु सञ्चालन गर्नु पर्ने हुन्छ। प्रचलित ऐन/नियममा भएका व्यवस्थाहरुलाई अक्षरशः कार्यान्वयन गर्न/गराउन वैदेशिक रोजगार विभाग सदैव क्रियाशिल रहेको व्यहोरा विदितै छ। यसै सन्दर्भमा मिति २०८०/०५/२१ देखि मिति २०८०/०५/२७ सम्म वैदेशिक रोजगारीसम्बन्धी प्रचलित ऐन/कानुन विपरित गतिविधिहरु सञ्चालन गर्ने तपसिल बमोजिमका व्यक्ति तथा संस्थाहरुलाई देहाय बमोजिम कानुनी कारबाही गरिएको छ।

- प्रतिवादी खिम प्रसाद गुरुङले जाहेरवालाहरु लिलमाया गूरुङ, अर्जुन सिंग गुरुङ, खिम विक्रम थापा र प्रेम कुमारी गुरुङलाई दक्षिण अफ्रिका देशमा सुपरमार्केटको काममा कामदारमा पठाईदिन्छु मासिक तलब रु.८०,०००।– तलब भत्ता हुन्छ जम्मा खर्च प्रति व्यक्ति रु. ७,००,०००।- लाग्छ भनी आश्वासन दिई विश्वासमा पारी प्रलोभन देखाई लिल मायाँ गुरुङ, खिम विक्रम थापा र प्रेम कुमारी गुरुङबाट प्रतिव्यक्ति रु.६,५०,०००।का दरले र अर्जुन सिंग गुरुङबाट रु.७,००,०००।-(सात लाख) गरी जम्मा रु. २६,५०,०००।-(छब्बिस लाख पचास हजार) रकम बुझिलिई वैदेशिक रोजगारीमा दक्षिण अफ्रिका देश नपठाएको र लिए खाएको रकम समेत फिर्ता नगरेको हुँदा प्रतिवादी खिम प्रसाद गुरुङले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसूर अपराध गरेको देखिँदा निज प्रतिवादी खिम प्रसाद गुरुङलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम सजाय हुन र प्रतिवादीले जाहेरवालाहरुबाट लिए खाएको बिगो रकम र सोको ५०% ले हुन आउने हर्जाना समेतको रकम प्रतिवादीबाट जाहेरवालाहरुलाई भराई पाउँन समेतको मागदाबी लिई मिति २०८०/०५/२१ मा श्री वैदेशिक रोजगार न्यायाधिकरण समक्ष अभियोगपत्र प्रस्तुत।
- प्रतिवादी अर्जुन पोखेलले जाहेरवाला सुदिप तामाङलाई बैदेशिक रोजगारीको लागि मासिक ६०० युरो रकम कमाई हुने कृषि सम्बन्धिको काममा सर्बिया देशमा पठाइ दिन्छु भनी आश्वासन तथा प्रलोभन देखाइ रु.४,००,०००।-(चार लाख) ठगी गरेको देखिँदा निज प्रतिवादी अर्जुन पोखेललाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ वमोजिमको कसूरमा ऐ. ऐनको दफा ४३ बमोजिम सजाय हुन र प्रतिवादीले जाहेरवालाको लिए खाएको बिगो रकम रु.४,००,०००।-(चार लाख) र सोको ५०% ले हुन आउने हर्जाना रकम र पीडित राहत कोषमा अपराध पीडित संरक्षण ऐन, २०७५

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार विभाग

फोन नं. ४-७८२६७१, ४-७८२६१६, ४-७८२६५८, ४-७८२७१०, ४-७८२४५४, ४-७८२६२१, ४-७८२६४८
फ्याक्सः ०१-४७८२६८६
पोष्ट बक्स नं. ६५१५
ताहाचल, काठमाडौं

पत्र संख्याः-

चलानी :-

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार विभाग काठमाण्डौं २०६५

मितिः.........................

को दफा ४१(३) बमोजिमको हुन आउने क्षतिपूर्ति शुल्क समेत भराई पाउँन समेतको मागदावी लिई मिति २०८०/०५/२६ मा श्री वैदेशिक रोजगार न्यायाधिकरण समक्ष अभियोगपत्र प्रस्तुत।

- प्रतिवादी उमेश सेति सुरुवाल र आर्जु सेती सुरालले एक आपसमा मिलेमतो गरी जाहेरवालाहरु सुरज श्रेष्ठ, टंक कुमार श्रेष्ठ, हेम बहादुर तामाङलाई रोजगारीको लागि पोर्चुगल पठाउनका लागि भनी जनही १३,००,०००।-तेह्र लाखका दरले कुल रु.३९,००,०००।– उनन्चालिस लाख, जाहेरवाला खेम राज गौतमका छोरा सञ्जिव गौतमलाइ पनि पोर्चुगल पठाइदिन्छु भनि रु.११,००,०००।-एघार लाख तथा जाहेरवालाहरु रोहन दाहाल र प्रतिमा गुरुङ मगरलाई कम्बोडिया पठाइदिन्छु भनि निजहरुसँग क्रमशः रु. ५,००,०००।- र रु. ५०,०००।-गरी जम्मा रु.५५,५०,०००।–(पच्पन्न लाख पचास हजारर रुपैंया) बुझिलिई भने बमोजिमको रोजगारीमा नपठाई ठगी गरेको देखिंदा प्रतिवादीहरु उमेश सेती सुरुवाल र आर्जु सेती सुराललले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर गरेको पुष्टि हुन आएबाट निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरुसँग लिएको बिगो रकम र सो को ५०% हर्जना समेत प्रतिवादीहरुबाट जाहेरवाला/पीडितहरुलाई दिलाई भराई पाउन समेतको मागदावी लिई मिति २०८०/०५/२७ मा श्री वैदेशिक रोजगार न्यायाधिकरण समक्ष अभियोगपत्र प्रस्तुत।
- वैदेशिक रोजगारीको लागि संयुक्त अरब इमिरेट्स (यु.ए.ई.) पठाईदिने प्रलोभन दिई प्रतिवादी मो.मोतिबाबु अन्सारीले जाहेरवालाहरु क्रमशः सत्य नारायण साहसँग रु.१,००,०००।- र राकेश कुमार साहसँग रु. ६,७९,३००।- गरि जम्मा ७,७९,३००।- प्रतिवादी भुवानी प्रसाद लामिछानेले जाहेरवालाहरु सत्य नारायण साहसँग रु.१,००,०००।-, धर्मेन्द्र साहसँग रु.१,००,०००।- र राकेश कुमार साहसँग रु. ९९,०००।- गरी जम्मा रु.२,९९,०००।- तथा प्रतिवादी रोशन राजा शेखले राकेश कुमार साहसँग रु. ९०,०००।- गरी कुल जम्मा रु.११,६८,३००।-(एघार लाख अठ्सठ्ठी हजार तीन सय रुपैंया) रकम लिई वैदेशिक रोजगारीमा नपठाएको र बुझिलिएको रकम समेत फिर्ता नगरी प्रतिवादीहरु मो.मोतिबाबु अन्सारी, भुवानी प्रसाद लामिछाने र रोशन राजा शेखले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसूर गरेको देखिंदा निज

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार विभाग

फोन नं. ४-७८२६७१, ४-७८२६१६, ४-७८२६५८, ४-७८२७१०, ४-७८२४५४, ४-७८२६२१, ४-७८२६४८

फ्याक्स: ०१-४७८२६८६
पोष्ट बक्स नं. ६५१५
ताहाचल, काठमाडौं

पत्र संख्या:-

चलानी :-

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार विभाग काठमाण्डौं २०६५

मिति:...............................

प्रतिवादीहरुलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरुबाट बुझिलिएको बिगो रकम र सो को ५०% ले हुन आउने हर्जना समेत प्रतिवादीहरुबाट जाहेरवाला/पीडितहरुलाई दिलाई भराई पाउन समेतको मागदावी लिई मिति २०८०/०५/२७ मा श्री वैदेशिक रोजगार न्यायाधिकरण समक्ष अभियोगपत्र प्रस्तुत गरिएको छ।

- United Manpower Agency Pvt. Ltd.( ईजाजतपत्र नम्वर 988-067/68) ले विभिन्न व्यक्तिहरुलाई वैदेशिक रोजगारीमा युक्रेन, रोमानिया एवं पोल्याण्ड पठाउने भनी रकम लिई सम्बन्धित मुलुकहरुमा नपठाएको तथा निजहरुबाट लिएको रकम समेत फिर्ता नगरेको भनी यस विभागमा उजुरी तथा जाहेरी प्राप्त भएकोमा उक्त संस्थाका सञ्चालकलाई पटक-पटक सम्पर्क गर्दा समेत विभागमा उपस्थित नभएको सन्दर्भमा उल्लिखित मुद्दाको किनारा नभएसम्मको लागि वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१ (७) बमोजिम United Manpower Agency Pvt. Ltd. (ईजाजतपत्र नम्वर 988-067/68) लाई विभागको मिति २०८०।०५।२७ को निर्णयानुसार निलम्बन गरिएको।

- Euro Asia H.R. Solutions Pvt. Ltd. (ईजाजतपत्र नम्वर ११६२-०७३/७४) ले वैदेशिक रोजगारीको लागि जान ईच्छुक व्यक्तिहरुबाट प्रवेशाज्ञा शुल्क, सेवा-शुल्क तथा प्रवर्द्धन खर्च बढी लिएकोमा उक्त रकम सम्बन्धित व्यक्तिहरुलाई नै फिर्ता गर्न लगाउनुका साथै आगामी दिनमा उल्लिखित कार्य नदोहोऱ्याउन निर्देशन दिँदै उक्त संस्थालाई विभागको मिति २०८०।०५।२७ को निर्णयानुसार रु. एक लाख जरिवाना गरिएको।

२०८०।०५।२९

मिति:-२०८०।०५।२९, शुक्रवार

(कविराज उप्रेती)
निर्देशक/सूचना अधिकारी